# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) जनकपुरधाम, भदौ ४ गते, २०७६ साल (अतिरिक्ताङ्क १


## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

**प्रदेश लोक सेवा आयोग ऐन, २०७६**

सम्वत् २०७६ सालको ऐन नं. ०५

## प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**: प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा तथा स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनौटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई प्रवर्द्धन गरी सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, सेवामुखी, जिम्मेवार र प्रतिष्पर्धी बनाउन तथा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोग ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले कानून बमोजिम प्रदेश सेवाको पदमा नियुक्ति गर्न वा विभागीय सजाय गर्न सक्ने अधिकारी सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले प्रदेश लोक सेवा आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले संविधानको धारा २४४ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ ।

(घ) "तोकिएका" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि, मापदण्डमा तोकिएको वा तोकिए वमोजिम भन्नो सम्झनु पर्छ ।

(ङ) "नातेदार" भन्नाले बाबु, आमा, पति, पत्नी, छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, आमाजू, नन्द, जेठाजु, जेठानी, देवर, देउरानी, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाइ, मामा-माइजू, फुपु-फुपाजू, सासु-ससुरा, जेठी सासू, साढु दाइ/भाई, साला-साली, र तिनका छोराछोरी सम्झनुपर्छ ।

(च) "प्रदेश अन्य सरकारी सेवा" भन्नाले प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवा बाहेकका प्रदेश कानूनद्वारा गठन भएका प्रदेश सरकारका अरु सबै सेवा सम्झनु पर्छ ।

(छ) "प्रदेश निजामती सेवाको पद" भन्नाले प्रदेश प्रहरीको सेवाको पद तथा निजामती सेवाको पद होइन भनी

कानून बमोजिम तोकिएका अन्य सेवाको पद बाहेक प्रदेश सरकारका अरु सबै सेवाको पद सम्झनु पर्छ।

(ज) "प्रदेश सभा" भन्नाले संविधानको धारा १७६ बमोजिमको प्रदेश सभा सम्झनु पर्छ।

(झ) "प्रदेश सेवाका पद" भन्नाले प्रदेश निजामती सेवा, स्थानीय तह, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवा, प्रदेश प्रहरी सेवा र नगर प्रहरी सेवा सम्झनु पर्छ।

(ञ) "प्रदेश संगठित संस्था" भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैङ्क, समिति वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ।

(ट) "लोक सेवा आयोग" भन्नाले संविधानको धारा २४२ बमोजिमको लोक सेवा आयोग सम्झनु पर्छ।

(ठ) "सदस्य" भन्नाले प्रदेश लोक सेवा आयोगको सदस्य सम्झनु पर्छ र सो शव्दले प्रदेश लोक सेवा आयोगको अध्यक्ष समेतलाई जनाउँछ।

(ड) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ढ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ र सो शब्दले जिल्ला सभा समेतलाई जनाउँछ।

(ण) "स्थानीय तहको सङ्गठित संस्था" भन्नाले पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा स्थानीय तहको स्वामित्व वा नियन्त्रण भएको संस्था वा स्थानीय कानून बमोजिम स्थानीय तहमा गठित संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रदेश लोक सेवा आयोग

३. **प्रदेश लोक सेवा आयोगः** (१) प्रदेशमा एक प्रदेश लोक सेवा आयोग रहनेछ । आयोगमा अध्यक्ष र बढीमा दुई जना सदस्य रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ : -

(क) मुख्यमन्त्री, प्रदेश सरकार -अध्यक्ष

(ख) प्रदेश सभाका सभामुख -सदस्य

(ग) प्रदेश सभाका विपक्षी दलको नेता -सदस्य

(३) उपदफा (२) बमोजिमको समितिमा प्रदेश सरकारको प्रमुख सचिवले सदस्य सचिवको रुपमा काम गर्नेछ ।

(४) आयोगका अध्यक्ष तथा सदस्यहरुको नियुक्तिको सिफारिस गर्दा महिला सहित समावेशी सिद्धान्तका आधारमा गर्न सक्नेछ ।

(५) आयोगका सदस्य मध्ये दुई जना सदस्य २० वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्य विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त गर्नु पर्नेछ । अध्यक्ष र सदस्यले अनुसूचि १ बमोजिमको ढाँचामा प्रदेश प्रमुख समक्ष पद तथा गोपनियताको सपथ लिनु पर्नेछ ।

(६) देहायको योग्यता भएको व्यक्ति आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछ :-

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैतीस वर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको, र

(ङ) नेपाली नागरिक,

(७) आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।

४. <u>आयोगको अध्यक्ष र सदस्यको पद रिक्त हुने आधार</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,

(ग) निज विरुद्ध प्रदेशसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतले महाभियोगको प्रस्ताव पारित भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको प्रतिवेदनका आधारमा दफा ३ को उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा ।

५. <u>पुनः नियुक्ति नहुने</u>: (१) आयोगका अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति तथा अन्य सरकारी सेवामा ग्राह्य हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा आयोगको अध्यक्ष र सदस्य देहायको पदमा नियुक्तिको लागि ग्राह्य हुन सक्ने छन् :-

(क) संबैधानिक निकायको पदाधिकारीको पदमा नियुक्त हुन,

(ख) आयोगको सदस्य आयोगको अध्यक्ष पदमा वा अन्य प्रदेश लोक सेवा आयोगको अध्यक्ष पदमा नियुक्ति हुन,

(ग) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्ति हुन,

(३) आयोगको सदस्य सोही आयोगको अध्यक्षमा नियुक्ति हुने भएमा सदस्यको अवधि समेत गणना गर्नु पर्नेछ ।

६. **सदस्यको पारिश्रमिक र सेवाका शर्त:** आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक प्रदेशको प्रमुख सचिव सरह र अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ। आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र अन्य सुविधा परिवर्तन गरिने छैन ।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

७. **आयोगको कार्यालय:** (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यकता अनुसार कार्यालय स्थापना गर्न सकिनेछ ।

(२) आयोग गठन हुँदाका बखत लोक सेवा आयोगका कायम रहेका कार्यालयबाट प्रदेश आयोगको कार्य सञ्चालन तथा व्यवस्थापन गर्न सहयोग लिन सकिने छ ।

(३) आयोगको संगठन संरचना र कर्मचारीको दरवन्दी आयोगको सिफारिसलाई आधार लिई प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

८. **आयोगको बैठक:** (१) संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगले गर्नुपर्ने काम आयोगको निर्णय बमोजिम हुनेछ ।

(२) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ ।

(३) आयोगको तत्काल कायम रहेका अध्यक्ष सहित दुईजना सदस्य उपस्थित भएमा आयोगको बैठक बस्न सक्नेछ ।

तर सदस्य नियुक्त हुन बाँकि रहेको अवस्थामा कार्यरत पदाधिकारीबाट निर्णय गर्न बाधा परेका मानिने छैन ।

(४) आयोगको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) आयोगको निर्णय पुस्तिकामा उपस्थित सदस्यहरुले हस्ताक्षर गर्नु पर्नेछ ।

(६) आयोगको निर्णय आयोगको सचिवले प्रमाणित गर्नेछ ।

(७) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **आयोगको काम, कर्तव्य र अधिकारः** (१) प्रदेश सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ ।

(२) प्रदेश सेवाको पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन ।

(३) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछ :-

(क) प्रदेश सेवाको पदको कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) प्रदेश सेवाको पदमा छ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको प्रदेश सेवाको पदबाट अर्को प्रकारको प्रदेश सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा र

(ङ) प्रदेश सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

१०. <u>कार्य विभाजन:</u> अध्यक्ष र सदस्यको कार्य विभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **कार्यवाहक भई काम गर्ने** : कुनै कारणबश अध्यक्षको पद रिक्त भएमा वा निज सात दिन भन्दा बढी अनुपस्थित रहेको अवस्थामा आयोगको वरिष्ठतम सदस्यले आयोगको कार्यबाहक अध्यक्ष भई काम गर्नेछ ।

१२. **कर्मचारी सम्बन्धी व्यवस्था:** (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउने छ ।

(२) आयोगमा कार्यरत कर्मचारीलाई प्रदेश सरकारले अन्य कार्यालयमा सरुवा गर्दा आयोगको सहमति लिनु पर्नेछ ।

## परिच्छेद-३

## शैक्षिक योग्यता तथा पाठ्यक्रम

१३. **शैक्षिक योग्यता निर्धारण:**(१) प्रदेश सेवाको खुला प्रतियोगिताबाट पूर्ति गरिने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता सम्बन्धित सेवा, शर्त सम्बन्धी कानूनमा निर्धारण भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम शैक्षिक योग्यता निर्धारण गर्नु अघि सम्बन्धित निकायले आयोगको परामर्श लिनु पर्नेछ ।

(३) प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यता सम्बन्धित सेवा, समूह वा उपसमूहको कुनै पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यता

सरह छ छैन भन्ने द्विविधा भएमा सो सम्बन्धमा आयोगले प्रचलित कानूनको अधीनमा रही निर्णय गरे बमोजिम हुनेछ ।

१४. **पाठ्यक्रम निर्माण**: (१) प्रदेश सेवाका रिक्त पद पूर्ति गर्नको लागि आयोगले लिने परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि र तत् सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरी सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिखित परीक्षाको पाठ्यक्रम, अंकभार, उत्तीर्णाङ्क र तत् सम्बन्धी अन्य व्यवस्था निर्धारण गर्दा आयोगले सम्बन्धित प्रदेश मन्त्रालय, सचिवालय, स्थानीय तह र सम्बन्धित विषयको शैक्षिक संस्था तथा विशेषज्ञसंग परामर्श लिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम पाठ्यक्रम निर्माणका लागि आयोगले पाठ्यक्रम निर्धारण समिति गठन गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम पाठ्यक्रम स्वीकृत गर्दा सेवा सञ्चालन गर्ने सम्बन्धित मन्त्रालय, सचिवालय, स्थानीय तहको प्रतिक्रिया लिनु पर्नेछ ।

(५) यस दफा बमोजिम पाठ्यक्रम निर्माण गर्दा आवश्यकता अनुसार सम्बन्धित पदको कार्य विवरण र शैक्षिक योग्यता समेतलाई आधार लिई पाठ्यक्रम लागू हुने मिति, प्रत्येक विषयको पूर्णाङ्क, उत्तीर्णाङ्क, परीक्षा प्रणाली, परीक्षाको माध्यम ( भाषा), प्रश्नको अंकभार र समय समेतका कुराहरु समावेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## उम्मेदवार छनौट सम्बन्धी व्यवस्था

१५. **उम्मेदवार छनौट गर्ने तरिका**: (१) प्रदेश सेवाको रिक्त पद पूर्तिको लागि उपयुक्त उम्मेदवारको छनौट गर्न परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

(२) आयोगले रिक्त पदपूर्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्दा लिखित परीक्षा सहित देहायको कुनै एक वा एकभन्दा बढी परीक्षाको तरिका अपनाउन सक्नेछ:-

(क) लिखित परीक्षा,

(ख) प्रयोगात्मक परीक्षा,

(ग) सीप परीक्षण,

(घ) अन्तर्वार्ता, र

(ङ) आयोगले समय समयमा तोकेका अन्य तरिका ।

(३) आयोगले उपदफा (१) बमोजिमका सेवाका कर्मचारीको छनौट गर्दा बढुवा, खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ ।

(४) प्रदेश प्रहरी सेवाको र नगर प्रहरी सेवाको पदपूर्तिका लागि हुने शारीरिक परीक्षण, स्वास्थ्य परीक्षण लगायतका परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **परीक्षाको माध्यमः**(१) आयोगले सञ्चालन गर्ने लिखित परीक्षाको माध्यम नेपाली, अंग्रेजी र प्रदेश सरकारले तोकेको भाषा हुनेछ ।

१७. **पदपूर्तिको मागः**(१) प्रदेश सेवाको रिक्त पदपूर्तिको लागि सम्बन्धित निकायले आयोगले निर्धारण गरे बमोजिमको माग फारम भरी आयोगमा पठाउनु पर्नेछ ।

(२) पदपूर्तिको माग सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. **पद संख्या निर्धारणः** (१) प्रदेश सेवाको रिक्त पद पूर्ति गर्दा त्यस्तो सेवाको शर्त सम्बन्धी कानूनमा पदपूर्तिका लागि उल्लेख भएको प्रतिशत बमोजिम पद संख्या निर्धारण गरी खुला प्रतियोगिता वा बढुवाद्वारा गर्नु पर्नेछ ।

(२) प्रदेश सेवामा खुला प्रतियोगिता वा बढुवाद्वारा पदपूर्ति गर्दा लिइने परीक्षाको तरिका, परीक्षा दस्तुर, दरखास्त

फारमको ढाँचा र परीक्षा सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५

## विज्ञापन प्रकाशन

१९. **विज्ञापन प्रकाशन गर्ने:** (१) आयोगले प्रदेश सेवाको रिक्त पदपूर्ति गर्नको लागि कार्यतालिका बनाई विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

(२) दफा १८ बमोजिम पद संख्या निर्धारण भएपछि आयोगले खुला प्रतियोगिता तथा बढुवाद्वारा पदपूर्ति गर्न छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

(३) पदपूर्तिका लागि आयोगले लिने परीक्षाको लागि विज्ञापन गर्दा विज्ञापनमा देहायको विवरण खुलाउनु पर्नेछ:

(क) रिक्त पदसंख्या, सेवा, समूह,

(ख) न्यूनतम शैक्षिक योग्यता, तालीम र अनुभव आवश्यक हुनेमा सो कुरा,

(ग) दरखास्त दस्तुर र परीक्षा दस्तुर,

(घ) फारम बुझाउने म्याद, स्थान, परीक्षा हुने मिति तथा परीक्षाको तरिका र परीक्षाको माध्यम (भाषा),

(ङ) दरखास्त फारम बुझाउने अन्तिम म्यादमा आवश्यक पर्ने उमेरको हद,

(च) प्रचलित कानून बमोजिम स्थापना भएको सम्बन्धित व्यवसायिक परिषदमा दर्ता, अद्यावधिक वा नवीकरण आवश्यक हुनेमा सो कुरा,

(छ) दरखास्त पेश गर्ने तरिका,

(ज) पाठ्यक्रम, र

(झ) अन्य आवश्यक कुराहरु ।

(४) उपदफा (३) बमोजिम विज्ञापन प्रकाशन गर्दा आयोगले कम्तीमा प्रदेश स्तरका दैनिक समाचारपत्र, आयोगको वेभसाइट वा आवश्यकता अनुसार सञ्चारका अन्य माध्यम मार्फत विज्ञापन प्रकाशन गर्ने वा गराउने छ ।

(५) उपदफा (३) बमोजिम दरखास्त फारम बुझाउने म्याद दिँदा पहिलो पटक विज्ञापन प्रकाशन भएको मितिले कम्तीमा एक्काइस दिन दिनु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि दरखास्त फारम बुझाउने म्याद समाप्त भएको मितिले सात दिनभित्र परीक्षा दस्तुरको दोब्बर दस्तुर तिरी दरखास्त फारम बुझाउन सकिनेछ ।

२०. **उम्मेदवारको उमेर र योग्यताको गणनाः** (१) दफा १९ बमोजिम दरखास्त फारम बुझाउने व्यक्तिको उम्मेदवार हुनको लागि प्रचलित कानून बमोजिम पुग्नु पर्ने वा कायम हुनु पर्ने उमेर त्यस्तो दरखास्त फारम बुझाउनको लागि दफा १९ को उपदफा (५) बमोजिम दिइएको म्यादको अन्तिम दिनसम्ममा उमेर हद पूरा भएको तथा ननाघेको हुनु पर्नेछ ।

(२) उम्मेदवारको उमेरको गणना गर्दा निजले दरखास्त फारम साथ पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्ष, नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा निजले पेश गरेको उमेर खुलेको अन्य प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले जन्मिएको देखिन्छ सोही आधारमा निजको उमेरको गणना गर्नु पर्नेछ ।

(३) दफा १९ को उपदफा (५) बमोजिम दिइएको अन्तिम म्याद पछि जारी हुने शैक्षिक योग्यता, तालिम, व्यावसायिक परिषद दर्ता, सम्वद्धता र समकक्षतालाई मान्यता दिइने छैन ।

(४) दफा १९ को उपदफा (५) बमोजिम दिइएको अन्तिम म्याद भित्र उपदफा (३) मा उल्लेखित शैक्षिक योग्यता, तालीम, व्यवसायिक परिषद दर्ता, सम्वद्धता, समकक्षता प्राप्त गरेको भए पनि सो म्याद भित्र जारी नभई म्याद नाघेपछि जारी भएको प्रमाण पत्रलाई मान्यता दिइने छैन ।

२१. **दरखास्त फारम उपर छानविन गर्ने:** (१) दफा १९ बमोजिम प्रकाशित विज्ञापन अनुसार आयोगमा प्राप्त दरखास्त फारम विज्ञापनमा उल्लेख भए बमोजिम रीत पुगे नपुगेको रुजु गर्दा रीतपूर्वकको देखिएमा सो दरखास्त स्वीकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त फारम उपर छानविन गर्दा म्यादभित्र प्राप्त नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लिखित विवरण नखुलाएको वा नमिलेको, परीक्षा दस्तुर नबुझाएको वा अन्य रीत नपुगेको पाइएमा त्यस्तो दरखास्त फारम उपर कुनै कारबाही गरिने छैन ।

(३) कुनै पनि उम्मेदवारको दरखास्त फारम शर्त राखी स्वीकृत गरिने छैन ।

२२. **परीक्षा प्रवेशपत्र सम्बन्धी व्यवस्था:** (१) आयोगबाट दरखास्त स्वीकृत भएपछि उम्मेदवारलाई परीक्षाको प्रवेश पत्र दिनु पर्नेछ ।

(२) परीक्षा प्रवेशपत्रको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उम्मेदवारले प्रवेशपत्रमा उल्लेख भएका शर्तहरू पालन गर्नु पर्नेछ र त्यस्तो शर्तहरूको पालना नगर्ने उम्मेदवारलाई आयोगले यस ऐनको अधीनमा रही कारबाही गर्न सक्नेछ ।

(४) आयोगले प्रदान गरेको परीक्षा प्रवेशपत्र हराएमा वा नासिएमा त्यस्तो व्यक्तिले प्रवेश पत्रको नक्कल माग गरेमा आयोगले तोकेको दस्तुर लिई प्रवेशपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।

(५) परीक्षामा प्रवेश पत्र नलिई आउने उम्मेदवारलाई परीक्षामा सहभागी गराउन आयोग बाध्य हुनेछैन ।

२३. **उम्मेदवारको नामावली प्रकाशनः** (१) प्रत्येक विज्ञापनको लागि दरखास्त फारम दिने दफा १९ को उपदफा (५) बमोजिमको म्याद समेत समाप्त भएपछि आयोगले दरखास्त फारम स्वीकृत भएका सबै उम्मेदवारहरूको नामावली प्रकाशन गर्नु पर्नेछ ।

(२) दरखास्त फारम स्वीकृत गरी नामावली प्रकाशन गर्दा परीक्षा हुनुभन्दा कम्तीमा तीस दिन अगाडि स्वीकृत गरी प्रकाशन गरिसक्नु पर्नेछ ।

२४. **दरखास्त अस्वीकृत गर्न सक्नेः** आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम कुनै उम्मेदवारले पेश गरेको दरखास्त तोकिएको ढाँचा बमोजिम नभएमा वा योग्यता पुगेको नदेखिएमा त्यस्तो व्यक्तिको दरखास्त फारम अस्वीकृत हुनेछ ।

तर परीक्षा प्रवेशपत्र जारी भएपछि कुनै उम्मेदवारको दरखास्त फारम रित पूर्वकको नदेखिएमा त्यस्तो दरखास्त फारम रद्द गर्न बाधा पुगेको मानिने छैन ।

२५. **विज्ञापन वा परीक्षा रद्द गर्न सक्नेः** (१) आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी परीक्षा सञ्चालन हुनु अगाडि सम्बन्धित निकायले त्यस्तो विज्ञापन रद्द गर्न कारण सहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो विज्ञापन रद्द गर्न वा गराउन सक्नेछ ।

(२) आयोगले परीक्षा सञ्चालन गरेको केन्द्रमा कुनै किसिमको अनियमितता भएमा वा कुनै बाधा अवरोध उत्पन्न भई आंशिक वा पूर्णरूपले परीक्षा सञ्चालन हुन नसकेमा आयोगले त्यसको कारण खुलाई उक्त दिनको परीक्षा वा सम्बन्धित विज्ञापनको परीक्षा आंशिक वा पूर्ण रुपमा रद्द गर्न सक्नेछ ।

(३) आयोगले सञ्चालन गरेको अन्तर्वार्ता वा अन्य विधिवाट लिएको परिक्षामा अनियमितता भएको पाइएमा त्यस्तो परीक्षा समेत रद्द गर्न सक्नेछ ।

२६. **परीक्षा दस्तुर फिर्ता पाउनेः** (१) दरखास्त अस्वीकृत भएमा वा विज्ञापन रद्द भएमा त्यस्तो विज्ञापनको लागि आयोगले लिएको परीक्षा दस्तुर सम्बन्धित व्यक्तिले फिर्ता पाउनेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षा दस्तुर फिर्ता पाउने व्यक्तिले आयोगले तोकेको अवधिभित्र परीक्षाको प्रवेश पत्र वा दस्तुर बुझाएको रसिद सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

## परिच्छेद-६

## प्रश्नपत्र निर्माण र परीक्षा सञ्चालन

२७. **प्रश्न निर्माणः**(१) आयोगले सञ्चालन गर्ने परीक्षाको लागि आवश्यक पर्ने प्रश्न निर्माण आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रश्न निर्माण गर्ने विषय विज्ञको योग्यता, निजले पालन गर्नु पर्ने शर्त एवं अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) आयोगले परीक्षाको लागि प्रश्नको निर्माण गर्दा सम्बन्धित विषयका दक्ष वा विशेषज्ञद्वारा गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रश्नको निर्माण गर्ने दक्ष वा विशेषज्ञलाई सम्बन्धित विषयको पाठ्यक्रम, नमूना प्रश्न, प्रश्न निर्माण सम्वन्धी अन्य आवश्यक विवरण समेत गोप्य रुपले उपलब्ध गराउनु पर्नेछ ।

(५) पाठ्यक्रमले निर्धारण गरेको प्रश्न र अंकभार अनुरुप सम्भव भएसम्म सम्बन्धित क्षेत्रका दक्ष वा विशेषज्ञद्वारा शैक्षिक योग्यता र पदको स्तर अनुसार निर्माण गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रश्नपत्र निर्माण गर्दा देहायमा उल्लेख भए बमोजिमका प्रश्नहरू राख्न सकिने छः-

(क) प्रश्नको जवाफमा परीक्षार्थीहरूले आफ्ना विचारहरू व्याख्यात्मक रूपमा अभिव्यक्त गर्न पाउने किसिमका वर्णनात्मक प्रश्न,

(ख) परीक्षार्थीहरूले दुई वा सो भन्दा बढी धारणाको तुलना गर्दै आफ्नो जवाफ प्रस्तुत गर्नुपर्ने किसिमका तुलनात्मक प्रश्न,

(ग) कुनै कुराको पक्ष वा विपक्षमा आफ्नो विचार अभिव्यक्त गरी कारण र पुष्ट्याइँ दिनुपर्ने किसिमका प्रश्न,

(घ) प्रश्नको जवाफमा परीक्षार्थीहरूले आफ्नो निजी धारणा प्रस्तुत गर्ने अवसर दिई स्वतन्त्र विचार अभिव्यक्त गर्नुपर्ने किसिमका प्रश्न,

(ङ) कुनै घटना र वास्तविकतालाई पुष्टि गर्नको लागि कारण र असर उल्लेख गर्नुपर्ने किसिमका प्रश्न,

(च) परीक्षार्थीको बुझाई एवं प्रयोग गर्ने क्षमतालाई जाँच्ने छोटो उत्तर आउने किसिमका प्रश्न, र

(छ) समस्या समाधान सम्बन्धी प्रश्न ।

(७) आयोगले प्रत्येक विषयको प्रश्न निर्माण गर्दा अलग-अलग विज्ञबाट कम्तीमा पाँच सेट तयार गराउनु पर्नेछ ।

(८) आयोगको वार्षिक कार्यतालिका अनुसार रिक्त पदको माग प्राप्त हुने समय र प्रश्नपत्र भण्डारमा मौज्दातको अवस्था समेतलाई दृष्टिगत गरी प्रश्न निर्माण गराउनु पर्नेछ ।

(९) प्रश्नपत्र निर्माण गर्दा सम्भव भएसम्म सबै पाठ्यांश (खण्ड, समूह, उपसमूह) बाट प्रश्न समावेश गरी पाठ्यक्रममा निर्धारित समयभित्र उम्मेदवारले उत्तर लेख्न सक्ने किसिमको हुनु पर्नेछ ।

२८. **प्रश्नको परिमार्जन:** (१) दफा २७ बमोजिम निर्माण गरिएका प्रश्नको परिमार्जन (मोडरेशन) आवश्यकता अनुसार एक वा एक भन्दा बढी दक्ष वा विशेषज्ञद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रश्नपत्र परिमार्जन गराउँदा दुई वा सोभन्दा बढी दक्ष वा विशेषज्ञको समूहबाट अलग-अलग रुपमा गराउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम प्रश्नको परिमार्जन गर्दा सम्भव भएसम्म सबै पाठ्यांश (खण्ड, समूह, उपसमूह) बाट प्रश्न समावेश गरी पाठ्यक्रममा निर्धारित समयभित्र उम्मेदवारले उत्तर लेख्न सक्ने किसिमले गर्नु पर्नेछ ।

(४) प्रश्न परिमार्जन गर्दा देहायका कुराहरूमा ध्यान दिनु पर्नेछ :-

(क) विवादास्पद तथा द्विविधायुक्त प्रश्न नराख्ने,

(ख) पाठ्यक्रम भन्दा बाहिरका प्रश्न नराख्ने,

(ग) सम्बन्धित पद (श्रेणी वा तह) को स्तरसँग मिल्ने किसिमका प्रश्न राख्ने,

(घ) प्रश्नपत्रको सेट तयार गर्दा एक सेटभित्र रहने प्रश्नहरू नदोहोरिने गरी तयार गर्ने,

(ङ) प्रश्नको परिमार्जन सम्बन्धमा आयोगले तोकेको अन्य कार्यविधिको पालना गर्ने ।

(५) प्रश्न परिमार्जन गर्दा प्रयोग नभएका वा प्रयोग गर्न अनुपयुक्त देखिएका प्रश्नहरू सम्बन्धित शाखाले तत्काल धुल्याउनु पर्नेछ ।

(६) कुनै एक विज्ञापन बमोजिम हुने परीक्षाको लागि सामान्यतया प्रत्येक विषयको कम्तीमा तीन सेट परिमार्जित प्रश्नपत्र निर्माण गर्नु गराउनु पर्नेछ ।

(७) आफू वा आफ्नो नातेदार आयोगद्वारा सञ्चालित परीक्षामा उम्मेदवार रहेको कुनै पनि कर्मचारीलाई प्रश्नपत्र परिमार्जन कार्यमा खटाइने छैन ।

२९. **प्रश्नपत्रको भण्डारण तथा छपाईः** (१) दफा २८ बमोजिम परिमार्जन गरिएका प्रश्नपत्रको भण्डारण गर्न आयोगमा प्रश्नपत्र भण्डार रहनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रश्नपत्र भण्डार आयोगले तोकेको अधिकृत स्तरको कर्मचारीको जिम्मामा रहनेछ ।

(३) प्रश्नपत्रको छपाइ सम्बन्धी काम आयोगले तोकेको कर्मचारीले अति गोप्य तरिकाले गर्नु पर्नेछ ।

## परिच्छेद-७

## लिखित परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन सम्बन्धी व्यवस्था

३०. **लिखित परीक्षा सञ्चालन:** (१) आयोगले पद पूर्तिको लागि प्रकाशन गरेको विज्ञापन बमोजिम उम्मेदवारको छनौट गर्न सोही विज्ञापनमा उल्लेख भए बमोजिम लिखित परीक्षा सञ्चालन गर्नेछ ।

(२) परीक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

३१. **विभिन्न चरणमा परीक्षा लिन सकिने:** (१) आयोगले प्रदेश सेवाका पदमध्ये आयोगले तोकेको कुनै सेवा, समूह तथा उपसमूहको कुनै पदको लागि संयुक्त वा छुट्टाछुट्टै वा विभिन्न चरणमा परीक्षा लिन सक्नेछ ।

(२) विभिन्न चरणमा परीक्षा लिने सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

३२. **लिखित परीक्षाको व्यवस्थापन:** (१) लिखित परीक्षा सञ्चालन गर्नको लागि मिति र समय निर्धारण गर्दा परीक्षा भवनको उपलब्धता लगायतका पक्षहरूलाई विचार गरी निर्धारण गर्नु पर्नेछ ।

(२) धेरै उम्मेदवार भएको विज्ञापनको लागि सामान्यतया दुई सय जना उम्मेदवारका लागि एक परीक्षा केन्द्र तोक्नु पर्नेछ ।

(३) लिखित परीक्षामा केन्द्राध्यक्ष, उपकेन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष खटाउँदा सामान्यतया परीक्षा हुने श्रेणी वा तहभन्दा कम्तीमा एक तह माथिको अधिकृत कर्मचारीलाई तोक्नु पर्नेछ ।

३३. **विभागीय कारबाहीको लागि लेखी पठाउने:** (१) यस ऐन बमोजिमको परीक्षा सञ्चालनमा संलग्न कर्मचारीले परीक्षा केन्द्रमा कुनै अनियमित काम कारबाही गरेमा आयोगले त्यस्तो कर्मचारीलाई तत्काल कामबाट हटाई विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विभागीय कारबाहीको लागि लेखी आएमा अख्तियारवालाले बढीमा तीन महिना भित्र सम्बन्धित कर्मचारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(३) आयोगले सञ्चालन गरेको परीक्षामा संलग्न कर्मचारी बाहेक अन्य व्यक्तिले परीक्षा केन्द्रमा कुनै अनियमित काम कारबाही गरेमा त्यस्तो व्यक्तिलाई तत्काल सो काम र स्थानबाट हटाउनु पर्नेछ ।

(४) आयोगले उपदफा (३) बमोजिम हटाईएको व्यक्तिको अभिलेख राखी भविष्यमा त्यस्तो व्यक्तिलाई आयोगबाट सञ्चालन हुने परीक्षा सम्बन्धी काममा संलग्न हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(५) आयोगले उपदफा (१) र उपदफा (३) बमोजिम हटाइएको व्यक्तिको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

३४. **उत्तरपुस्तिकामा सङ्केत नम्बर राख्नु पर्ने:** (१) आयोगले लिने लिखित वा प्रयोगात्मक परीक्षा सम्पन्न भएपछि आयोगले निर्धारण गरे बमोजिम उत्तरपुस्तिकामा सङ्केत नम्बर राख्नु पर्नेछ ।

(२) विद्युतीय प्रणालीबाट उत्तरपुस्तिका परीक्षण गर्ने प्रयोजनको लागि उत्तरपुस्तिकामा बारकोडको प्रयोग गर्न सकिनेछ ।

३५. **उत्तरपुस्तिका परीक्षण:** (१) दफा ३४ बमोजिम उत्तरपुस्तिकामा सङ्केत नम्बर राखी सकेपछि विषयविज्ञ वा दक्षद्वारा उत्तरपुस्तिकाको परीक्षण गराउनु पर्नेछ ।

(२) उत्तरपुस्तिकाको परीक्षण गर्ने विषयविज्ञ वा दक्षको योग्यता, पालना गर्नु पर्ने शर्त वा उत्तरपुस्तिका परीक्षण

गर्नेसम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

३६. <u>उत्तरपुस्तिका रुजु</u>: (१) दफा ३५ बमोजिम दक्ष वा विशेषज्ञबाट परीक्षण भई प्राप्त भएका उत्तरपुस्तिका रुजु गर्नु पर्नेछ ।

(२) उत्तरपुस्तिका रुजु गर्दा देहायका कुराहरूलाई ध्यान दिनु पर्नेछ :-

(क) उम्मेदवारले लेखेको सबै प्रश्नको उत्तर परीक्षण गरी अङ्क दिइएको छ छैन,

(ख) परीक्षकले दिएका सबै अङ्कहरू ठीकसँग जोडिएको छ छैन, र

(ग) आयोगले निर्धारण गरेका अन्य कुराहरू ।

३७. **<u>उत्तरपुस्तिकाको सम्परीक्षण तथा पुनःपरीक्षण</u>**: (१) आयोगले आवश्यक देखेमा सम्बन्धित विषयको दक्ष वा विशेषज्ञबाट परीक्षण भई प्राप्त भएका उत्तरपुस्तिका मध्ये सबै वा केही उत्तरपुस्तिका सम्परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्तरपुस्तिका सम्परीक्षण गर्दा दक्ष वा विशेषज्ञले पालना गर्नु पर्ने शर्तहरु पालना भएको नपाइएमा त्यस्ता उत्तरपुस्तिकाको पुनः परीक्षण गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि उत्तरपुस्तिकाको पुनः परीक्षण गरिने छैन ।

३८. **<u>सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन</u>**: (१) सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कनको लागि अध्यक्षले तोकेको सदस्य वा आयोगको अधिकृत कर्मचारीको अध्यक्षतामा सम्बन्धित विषयको दक्ष वा विशेषज्ञ र अन्य एकजना व्यक्ति सदस्य रहेको एक मूल्याङ्कन समिति रहनेछ ।

तर विज्ञले परीक्षा दिएकै समयमा अंक प्रदान गर्नु पर्ने परीक्षामा मूल्याङ्कन समिति गठन गर्नु पर्ने छैन ।

(२) सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन सम्बन्धी तरिका र विधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

३९. **लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा**: (१) आयोगले लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दा त्यस्तो परीक्षामा उत्तीर्ण भएका उम्मेदवारमध्ये रिक्त पदको अनुपातमा तोकिए बमोजिमको संख्यामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको वर्णानुक्रम अनुसार नाम, थर र रोल नम्बर समेत उल्लेख गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तर्वार्ता तथा विभिन्न चरणमा लिइने अन्य परीक्षाको कार्यक्रम र मिति समेत उल्लेख गर्नु पर्नेछ ।

(३) लिखित परीक्षाको नतिजा प्रकाशन भएको मितिले कम्तीमा पन्ध्र दिन पछि र तीन महिना भित्र सिफारिस गरिसक्ने गरी अन्तर्वार्ता कार्यक्रम तोक्नु पर्नेछ ।

४०. **पुनर्योग** : (१) आयोगले सञ्चालन गरेको लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि कुनै उम्मेदवारले आफ्नो लिखित परीक्षाको कुनै एक वा सबै पत्रको पुनर्योग गरी पाउँ भनी पुनर्योग गर्नु पर्ने पत्र उल्लेख गरी सो पदका लागि तोकिएको परीक्षा दस्तुरको आधा दस्तुर संलग्न गरी लिखित परीक्षाको नतिजा प्रकाशन भएको सात दिनभित्र निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा त्यस्तो लिखित परीक्षाको नतिजा प्रकाशनमा संलग्न बाहेक अन्य कर्मचारीबाट प्राप्तांकको पुनर्योग गरी सोको नतिजा सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनर्योग गर्दा निवेदकको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नु पर्ने देखिएमा लिखित परीक्षाको नतिजामा समावेश गरी संशोधित सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन सम्बन्धी तरिका र विधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

३९. **लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा**: (१) आयोगले लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दा त्यस्तो परीक्षामा उत्तीर्ण भएका उम्मेदवारमध्ये रिक्त पदको अनुपातमा तोकिए बमोजिमको संख्यामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको वर्णानुक्रम अनुसार नाम, थर र रोल नम्बर समेत उल्लेख गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तर्वार्ता तथा विभिन्न चरणमा लिइने अन्य परीक्षाको कार्यक्रम र मिति समेत उल्लेख गर्नु पर्नेछ।

(३) लिखित परीक्षाको नतिजा प्रकाशन भएको मितिले कम्तीमा पन्ध्र दिन पछि र तीन महिना भित्र सिफारिस गरिसक्ने गरी अन्तर्वार्ता कार्यक्रम तोक्नु पर्नेछ।

४०. **पुनर्योग** : (१) आयोगले सञ्चालन गरेको लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि कुनै उम्मेदवारले आफ्नो लिखित परीक्षाको कुनै एक वा सबै पत्रको पुनर्योग गरी पाउँ भनी पुनर्योग गर्नु पर्ने पत्र उल्लेख गरी सो पदका लागि तोकिएको परीक्षा दस्तुरको आधा दस्तुर संलग्न गरी लिखित परीक्षाको नतिजा प्रकाशन भएको सात दिनभित्र निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा त्यस्तो लिखित परीक्षाको नतिजा प्रकाशनमा संलग्न बाहेक अन्य कर्मचारीबाट प्राप्तांकको पुनर्योग गरी सोको नतिजा सार्वजनिक गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पुनर्योग गर्दा निवेदकको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नु पर्ने देखिएमा लिखित परीक्षाको नतिजामा समावेश गरी संशोधित सूचना प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-८

## अन्तर्वार्ता तथा सिफारिस

४१. **अन्तर्वार्ता समिति गठनः** (१) आयोगले प्रदेश सेवाको रिक्त पदमा पदपूर्तिको लागि उम्मेदवारको छनौट गर्न लिइने अन्तर्वार्ता समितिमा पदपूर्ति हुने पद भन्दा एक तह माथिको अधिकृत स्तरको पदको व्यक्ति सहित कम्तीमा तीन जना रहने छन् ।

(२) उपदफा (१) बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा अध्यक्ष वा निजले तोकेको सदस्यको अध्यक्षतामा गठन गर्नु पर्नेछ ।

तर सहायक स्तरका पदमा आयोगको कर्मचारीको अध्यक्षतामा अन्तर्वार्ता समिति गठन गर्न बाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिमको अन्तर्वार्ता समितिमा सम्बन्धित क्षेत्रको एक जना विषयविज्ञ रहने गरी गठन गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम गठन हुने अन्तर्वार्ता समितिमा समावेशी सहभागिता हुने गरी गर्नु पर्नेछ ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनका लागि अन्तर्वार्ता समितिमा संविधानको धारा ४२ को उपधारा (१) मा उल्लिखित समुदायका व्यक्ति मध्ये कम्तीमा एक जना सदस्य रहेमा समावेशी सहभागिता भएको मानिनेछ ।

४२. **अन्तर्वार्ताको मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** (१) अन्तर्वार्तामा उम्मेदवारको मूल्याङ्कन गर्नको लागि आयोगले निर्धारण गरे बमोजिमको फारम प्रयोग गर्नु पर्नेछ ।

(२) अन्तर्वार्ताको अङ्कभार लिखित परीक्षाको कुल पूर्णाङ्कको बढीमा पन्ध्र प्रतिशत हुनेछ ।

(३) अन्तर्वार्ता समितिको अध्यक्ष वा सदस्यको अन्तर्वार्तामा भाग लिने कुनै उम्मेदवारसँग नातेदार भएमा अन्तर्वार्ता समितिको त्यस्तो अध्यक्ष वा सदस्यले उक्त विज्ञापनको अन्तर्वार्तामा बस्न हुँदैन । नातेदार भएको कुरा नतिजा प्रकाशन

हुनु भन्दा अघि प्रमाणित भएमा सो अन्तर्वार्ताकर्ताले प्रदान गरेको अङ्क गणना गरिने छैन ।

(४) अन्तर्वार्ता समितिको प्रत्येक सदस्यलाई अन्तर्वार्ता हुने पदको विवरण, पाठ्यक्रम र अन्तर्वार्ता सम्वन्धी अन्य विवरण उपलब्ध गराउनु पर्नेछ ।

(५) अन्तर्वार्तामा पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी वा पचास प्रतिशतभन्दा घटी अङ्क दिनु परेमा सोको कारण खुलाउनु पर्नेछ । यसरी कारण नखुलाई अधिकतम भन्दा बढी वा न्यूनतम भन्दा घटी अङ्क दिएकोमा बढीमा सत्तरी प्रतिशत र घटीमा पचास प्रतिशत अङ्क दिएको मानी गणना गर्नु पर्नेछ ।

(६) अन्तर्वार्ता समितिको कुनै सदस्यले कारण खुलाई कुनै उम्मेदवारलाई उपदफा (५) बमोजिम सत्तरी प्रतिशतभन्दा बढी वा पचास प्रतिशतभन्दा घटी अङ्क प्रदान गरेको अवस्थामा पनि अन्तर्वार्ता समितिका पचास प्रतिशत भन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ । अन्यथा बढीमा सत्तरी प्रतिशत र घटीमा पचास प्रतिशत नै अङ्क मानी गणना गरिनेछ ।

४३. **अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिने:** (१) लिखित वा प्रयोगात्मक परीक्षाको प्रकाशित नतिजामा समावेश भएको कुनै उम्मेदवारले मुनासिव कारण जनाई अन्तर्वार्ताको लागि तोकिएको मितिभन्दा अगाडि नै अन्तर्वार्ता लिइदिन सोको कारण उल्लेख गरी निवेदन दिएमा र निवेदनको व्यहोरा मुनासिव देखिएमा आयोगले त्यस्तो व्यक्तिको लागि अग्रिम अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै उम्मेदवारले देहायको अवस्था परी अन्तर्वार्ताको लागि आयोगबाट निर्धारण भएको मिति र समयमा उपस्थित हुन नसकेमा सोको प्रमाण सहित अन्तर्वार्ताका लागि तोकिएको मितिले किरिया बस्नु परेको हकमा पन्ध्र दिन र अन्य अवस्थाको हकमा सात दिनभित्र निवेदन दिएमा आयोगले निवेदनको व्यहोरा मुनासिव देखेमा छुट अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ :-

(क) काबु बाहिरको परिस्थिति परेमा,

(ख) सरकारी कामको कारणबाट उपस्थित हुन नसकेमा,

(ग) किरिया बस्नु परेमा,

(घ) सुत्केरी भएमा,

(ङ) अन्तर्वार्तामा उपस्थित हुन नसक्ने गरी आकस्मिक बिरामी भएमा ।

(३) उपदफा (१) र उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रयोगात्मक परीक्षा वा आयोगले तोकेका अन्तिम चरणका अन्य परीक्षामा अनुपस्थित रहेको उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराईने छैन ।

(४) अग्रिम तथा छुट अन्तर्वार्तामा समावेश हुने उम्मेदवारले आयोगले निर्धारण गरे बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

(५) अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

४४. <u>प्रमाण पत्र पेश गर्नु पर्ने</u>: (१) लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुले प्रयोगात्मक परीक्षा वा आयोगले निर्धारण गरेका अन्य परीक्षा हुनेमा परीक्षा हुनु भन्दा अगाडि आयोगमा सक्कल र दुई सेट नक्कल प्रमाणपत्र र दरखास्त फारम पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरेको प्रमाण पत्र रुजु गर्दा सेवामा प्रवेश पाउने उद्देश्यले शैक्षिक योग्यता, उमेर, नागरिकता, अनुभव आदि ढाँटेको देखिएमा वा विज्ञापन भएको पदको निमित्त तोकिए बमोजिम योग्यता नभएको पाइएमा त्यस्तो उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन र निजको दरखास्त रद्द हुनेछ ।

४५. <u>कार्यालय रोजाउनु पर्ने</u>: सहायक स्तरका पदमा लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई अन्तर्वार्ता दिनु अघि कार्यालय रोजाउनु पर्नेछ ।

४६. **योग्यताक्रमको सूची प्रकाशन गर्ने**: (१) आयोगले प्रदेश निजामती सेवा, स्थानीय तह तथा प्रदेश अन्य सरकारी सेवामा पदपूर्तिका लागि उम्मेदवारको छनौट सम्बन्धी परीक्षामा सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नम्बर, नाम, थर, बाबुआमा, बाजेको नाम, ठेगाना र सिफारिस गरिएको निकाय समेत उल्लेख गरी योग्यताक्रम अनुसार खुला र समावेशी तर्फ समेतको अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योग्यताक्रमको सूची तयार गर्दा उम्मेदवारहरूको कूल प्राप्ताङ्क बराबर भएमा देहायका आधारमा योग्यताक्रम कायम गरिनेछ :-

(क) लिखित परीक्षा हुनेमा लिखित परीक्षाको प्राप्ताङ्कका आधारमा,

(ख) लिखित परीक्षा र प्रयोगात्मक परीक्षा हुनेमा खण्ड (क) बमोजिम योग्यताक्रम नछुट्टिएमा प्रयोगात्मक परीक्षाको प्राप्ताङ्कका आधारमा,

(ग) खण्ड (ख) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा अन्तर्वार्ताको प्राप्ताङ्कका आधारमा,

(घ) खण्ड (ग) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा सम्बन्धित पदको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्त अङ्कको प्रतिशत वा ग्रेडिङ्ग स्तरको आधारमा,

(ङ) खण्ड (घ) बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा विज्ञापन गरिएको पदभन्दा एक तह मुनिको पदमा बहाल रहेको व्यहोरा दरखास्त फारममा उल्लेख गरेको भए त्यस्तो पदको जेष्ठताका आधारमा,

(च) खण्ड (ङ) बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा वा खण्ड (घ)

बमोजिम योग्यताक्रम नछुट्टीएका उम्मेदवारको हकमा उमेरको ज्येष्ठताका आधारमा,

(३) उपदफा (२) मा उल्लिखित आधार बमोजिम पनि उम्मेदवारहरूको योग्यताक्रम नछुट्टिएमा आयोगले निर्धारण गरे बमोजिम योग्यताक्रम कायम गरी अन्तिम नतिजा प्रकाशन गरिनेछ।

(४) उपदफा (३) बमोजिम अन्तिम नतिजा प्रकाशन गर्दा आयोगले लिएको समानस्तरको एकभन्दा बढी पदको परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई दोहोरो नपर्ने गरी पहिले नतिजा प्रकाशन हुने एक पदमा मात्र सिफारिश गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम आन्तरिक प्रतियोगिताको आधारमा हुने बढुवाको योग्यताक्रम सूची प्रकाशन गर्नु अगाडि कुनै उम्मेदवार उपर बढुवाको उम्मेदवार हुन नपाउने गरी विभागीय सजाय भएको आधिकारिक जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको नाम हटाई योग्यताक्रम सूची प्रकाशन गर्नु पर्नेछ।

(६) योग्यताक्रमको सूची प्रकाशन सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

४७. <u>**एकमुष्ट योग्यताक्रमको सूची प्रकाशन गर्ने:**</u> दफा ४६ बमोजिम योग्यताक्रमको सूची प्रकाशन गर्दा एउटै परीक्षाको माध्यमबाट सिफारिस हुने आन्तरिक, खुला तथा समावेशी समूहका उम्मेदवारले प्राप्त गरेको कूल अंकको आधारमा सेवा, समूह, उपसमूहको एकमुष्ट योग्यताक्रम सूची समेत तयार गरी प्रकाशन गर्नु पर्नेछ।

४८. <u>**उम्मेदवारले आफ्नो कूल प्राप्ताङ्क हेर्न पाउने:**</u> अन्तर्वार्तामा उपस्थित भएका उम्मेदवारहरुले सबै परीक्षाबाट प्राप्त गरेको कूल प्राप्ताङ्क अन्तिम योग्यताक्रम सूची प्रकाशन भएको मितिले सात दिन पछिबाट सात दिन सम्म उम्मेदवार आफूले मात्र हेर्न सक्ने गरी आयोगले व्यवस्था गर्न सक्नेछ।

४९. **वैकल्पिक उम्मेदवारको सूची**: दफा ४६ बमोजिम उम्मेदवारको योग्यताक्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्दा आयोगले निर्धारण गरे बमोजिमको सङ्ख्यामा बैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नु पर्नेछ ।

तर,

(१) वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्दा पर्याप्त सङ्ख्यामा उम्मेदवार उपलब्ध हुन नसकेमा सो अनुसूचीमा उल्लेख भएको भन्दा कम सङ्ख्यामा पनि उम्मेदवारको वैकल्पिक सूची प्रकाशन गर्न सकिनेछ ।

(२) खुला र समावेशी समूहको एकमुष्ठ योग्यताक्रम प्रकाशन हुने विज्ञापनमा एउटै सेवा, समूह, उपसमूह वा श्रेणीको पछिल्लो विज्ञापनबाट सिफारिस हुने उम्मेदवारको नाम अघिल्लो विज्ञापनको वैकल्पिक सूचीमा समावेश नगरी क्रमशः निज भन्दा पछिल्लो क्रमको उम्मेदवारको नाम समावेश गरी वैकल्पिक सूची प्रकाशन गर्न सकिनेछ ।

५०. **नियुक्तिको लागि सिफारिस गर्ने**: (१) आयोगले नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस पठाउँदा सम्बन्धित उम्मेदवारले बुझाएको एक प्रति दरखास्त फारम र सो साथ पेश भएका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरू समेत पठाउनु पर्नेछ ।

(२) आयोगले पाँचौ तह सम्मको पदमा नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्दा देहायका आधारमा गर्नु पर्नेछ :-

(क) योग्यताक्रम अनुसार उम्मेदवारले रोजेको प्राथमिकताको कार्यालय,

तर एकभन्दा बढी उम्मेदवारले एउटै कार्यालय रोजेको अवस्थामा पहिलो योग्यताक्रममा रहेको उम्मेदवारले प्राथमिकता पाउनेछ ।

(ख) उम्मेदवारले रोजेको कार्यालय बाँकी नरहे वा कुनै पनि कार्यालय रोजेको नभएमा त्यस्ता

उम्मेदवारलाई योग्यताक्रमानुसार घर पायकको कार्यालय ।

५१. **वैकल्पिक उम्मेदवार सिफारिसः**(१) आयोगले देहायको अवस्थामा वैकल्पिक उम्मेदवारको सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रम अनुसार नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ :-

(क) नियुक्तिको लागि सिफारिस गरिएको उम्मेदवारले नियुक्तिको सूचना पाएको वा सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र नियुक्ति पत्र नलिएमा,

(ख) नियुक्तिको लागि सिफारिस गरिएको उम्मेदवारले नियुक्ति बुझिलिएको मितिले प्रचलित कानून बमोजिमको अवधिभित्र सम्बन्धित कार्यालयमा बहाली नगरेको आधारमा अख्तियारवालाले निजको नियुक्ति बदर गरेमा,

(ग) आयोगबाट नियुक्तिको लागि सिफारिस गरिएको कुनै उम्मेदवार सिफारिस हुँदाका बखत प्रचलित नेपाल कानून बमोजिम अयोग्य रहेको कुरा सिफारिस भई सके पश्चात मात्र जानकारी हुन आई आयोगबाट त्यस्तो उम्मेदवारको सिफारिस रद्द भई अख्तियारवालाले निजको नियुक्ति बदर गरेमा,

(घ) नियुक्तिको लागि सिफारिस गरिएको उम्मेदवारको सिफारिस भएको मितिले एक वर्षभित्र मृत्यु भई वा निजले नियुक्ति लिएको पदबाट राजिनामा दिई वा निजको अन्य पदमा नियुक्ति भई वा अन्य कुनै कारणले निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा, र

(ङ) नियुक्तिको लागि सिफारिस भएको उम्मेदवारले सम्बन्धित कार्यालयमा आफैं

उपस्थित भई नियुक्ति नलिने व्यहोराको निवेदन पेश गरी सनाखत गरेमा ।

(२) यस उपदफा बमोजिमको कुनै अवस्था परेमा अख्तियारवालाले पद रिक्त भएको मितिले सात दिनभित्र आयोगलाई जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पद रिक्त भएको सात दिन भित्र जानकारी दिन नसकेको मनासिब कारण सहित अख्तियारवालाबाट लेखी आएमा आयोगले वैकल्पिक सूचीमा रहेको उम्मेदवारलाई योग्यताक्रम अनुसार नियुक्तिको लागि सिफारिस गर्न सक्नेछ ।

तर आयोगले नियुक्तिको लागि सिफारिस गरेको एक वर्ष नाघेपछि लेखी आएमा वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्न पाइने छैन ।

५२. **अस्थायी उम्मेदवारको सूची प्रकाशनः**(१) दफा ४६ को उपदफा (१) बमोजिम योग्यताक्रमको सूची प्रकाशन गर्दा खुला माग पद संख्याको बीस प्रतिशत उम्मेदवारहरु समावेश गरी देहाय बमोजिम अस्थायी उम्मेदवारको सूची प्रकाशन गर्नु पर्नेछ :-

(क) खुला प्रतियोगितातर्फ अन्तर्वार्तामा समावेश भएका तर वैकल्पिक उम्मेदवारको सूचीमा समावेश हुन नसकेका सबै,

(ख) लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट हुन नसकेका तर उत्तीर्णाङ्क प्राप्त गरेकाहरू मध्येबाट योग्यताक्रमको आधारमा,

तर अस्थायी पदपूर्तिका लागि आयोगमा अनुरोध भई आएको अवस्थामा सो भन्दा बढी संख्यामा उम्मेदवारको नाम समावेश गर्न बाधा पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम बीस प्रतिशतसम्म उम्मेदवारहरूको नाम समावेश गर्दा एकजना मात्र उम्मेदवार हुने भएमा कम्तीमा दुई जना उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम अस्थायी नियुक्तिको प्रयोजनको लागि सूची प्रकाशन गर्दा प्रयोगात्मक परीक्षा हुने पदको हकमा त्यस्तो परीक्षामा अनुत्तीर्ण उम्मेदवारको नाम समावेश गरिने छैन ।

५३. **अस्थायी नियुक्तिको लागि सिफारिस गर्ने** : (१) सेवा, समूह तथा उपसमूहसँग सम्बन्धित प्रचलित कानून बमोजिम अस्थायी नियुक्तिको लागि आयोगमा माग भई आएमा आयोगले बैकल्पिक उम्मेदवारको सूचीमा नाम समावेश भई स्थायी नियुक्ति हुन नसकेका र अस्थायी उम्मेदवारको सूचीमा रहेका उम्मेदवारहरूमध्येबाट योग्यताक्रमको आधारमा सिफारिस गर्नेछ ।

(२) बैकल्पिक तथा अस्थायी सूचीमा समावेश भएका उम्मेदवारको सङ्ख्या भन्दा अस्थायी नियुक्तिको लागि माग भएको सङ्ख्या बढी भएमा आयोगले सो भन्दा अघिल्लो विज्ञापनमा बैकल्पिक तथा अस्थायी सूचीमा रहेको उम्मेदवारलाई समेत अस्थायी नियुक्तिको लागि सिफारिस गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम अस्थायी नियुक्तिको लागि सिफारिस गर्दा बढीमा छ महिनासम्मको लागि सिफारिस गर्नु पर्नेछ ।

## परिच्छेद-९

## परामर्श सम्बन्धी व्यवस्था

५४. **विभागीय सजाय सम्बन्धमा आयोगको परामर्श लिदा अपनाउनु पर्ने कार्यविधिः** (१) प्रदेश सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा आयोगको परामर्श लिंदा सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम तोकिएको प्रक्रिया पूरा गरी सजाय गर्ने अधिकारीको निर्णय सहित सक्कलै फाइल आयोगमा पठाउनु पर्नेछ ।

(२) विभागीय सजायको कारवाही गर्दा देहाय बमोजिम गरेको हुनु पर्नेछ ।

(क) विभागीय सजायको लागि सेवा, समूह सम्बन्धी प्रचलित कानून बमोजिम सजाय गर्न अधिकार प्राप्त अधिकारीले कसूर र प्रस्ताव गरेको सजाय,

(ख) सम्बन्धित कर्मचारीलाई लगाइएको अभियोग र सजाय कुन कानून अन्तर्गतको हो सो कुरा स्पष्ट खुलाएको,

(ग) सजाय प्रस्ताव गर्नुपूर्व सम्बन्धित कर्मचारीलाई आफ्नो सफाइ पेश गर्नको लागि सेवा सम्वन्धी कानून बमोजिम मौका दिएको,

(घ) अधिकार प्राप्त अधिकारीले सम्बन्धित कर्मचारीले दिएको सफाइ वा स्पष्टीकरण उपर यथोचित मूल्याङ्कन गरी सो सफाई वा स्पष्टीकरणका वारेमा व्यक्त गरेको प्रतिक्रिया फाइल संलग्न रहेको,

(ङ) कुन कसुर वापत कुन सजाय गर्न खोजिएको हो कसुर खुलाई सजाय प्रस्ताव गरिएको, र

(च) सम्बन्धित अधिकृतको दस्तखत गरी कार्यालयको छाप समेत लगाई आयोगले निर्धारण गरे बमोजिमको फारम फाइल संलग्न गरेको ।

(२) उपदफा (१) बमोजिम कुनै कर्मचारीलाई एक प्रकारको विभागीय सजाय गर्न आयोगमा परामर्श माग गरिएकोमा आयोगबाट सो विषयमा परामर्श उपलब्ध नहुँदै वा परामर्श उपलब्ध भएपछि सो कर्मचारीलाई प्रस्ताव गरिएको सजायमा परिवर्तन गर्ने गरी पुनः परामर्श माग गर्न सकिने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कर्मचारीले काबु बाहिरको परिस्थिति परी अघि स्पष्टीकरण दिन नसकेको कारण देखाई निवेदन दिएमा वा अघि पेश गर्न नसकेको महत्वपूर्ण सबूत प्रमाण पछि पेश हुन आएको

कारणबाट सजाय गर्ने अधिकारीलाई सजाय परिवर्तन गर्नु पर्छ भन्ने लागेमा सो को कारण सहित आफ्नो राय उल्लेख गरी पहिले प्रस्ताव गरेको सजाय परिवर्तन गर्न आयोगको पुनः परामर्श माग गर्न सकिनेछ ।

५५. **सेवाको शर्तसम्बन्धी कानूनको विषयमा परामर्श माग गर्ने तरिका:** (१) प्रदेश निजामती सेवाको शर्तसम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिँदा सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा सचिवालय मार्फत परामर्श माग गर्नु पर्नेछ ।

(२) प्रदेश सेवाको शर्तसम्बन्धी कुनै नयाँ कानून बनाउन वा भइरहेको कानूनमा संशोधन गर्नु परेमा सोको कारण र आवश्यक विवरण समेत खुलाई आयोगमा पठाउनु पर्नेछ ।

(३) प्रदेश सेवाहरू गठन गर्न आयोगको परामर्श माग गर्दा सेवा गठनको उद्देश्य, त्यस्तो सेवा अन्तर्गतको समूह वा उपसमूह तथा श्रेणी/तह विभाजन, नियुक्ति, बढुवा र सेवाका अन्य शर्तहरू तथा निजामती सेवा र नेपाल सरकारका अन्य सेवा अन्तर्गतको विभिन्न सेवासँग राख्नुपर्ने एकरूपता, समन्वय र सामञ्जस्यका कुराहरू समेत स्पष्ट पारी आयोगमा पठाउनु पर्नेछ ।

(४) उपदफा (२) र उपदफा (३) बमोजिम परामर्श माग गर्दा आयोगसंग परामर्श माग गर्ने विषयको प्रदेश सरकार मन्त्रिपरिषदको निर्णय संलग्न गर्नु पर्नेछ ।

(५) सेवा, शर्त सम्वन्धी कानूनको संशोधन भएका विषयमा परामर्श माग गर्दा तीन महले ढाँचा र पुरानो कानून खारेज गरी नयाँ कानून बनाउँदा सोको कारण सहितको विवरण समेत संलग्न हुनु पर्नेछ ।

५६. **सेवा, समूह वा उपसमूह परिवर्तन गर्न परामर्श माग गर्ने तरिका:** (१) कुनै एक प्रकारको प्रदेश सेवाको सेवा, समूह वा उपसमूहको पदबाट अर्को प्रकारको प्रदेश सेवाको सेवा, समूह वा उपसमूहको पदमा सेवा, समूह वा उपसमूह परिवर्तन गर्न उम्मेदवारको उपयुक्तताको विषयमा आयोगको परामर्श माग गर्दा देहाय अनुसारका कागजात संलग्न भएको हुनु पर्नेछ :-

(क) सम्भाव्य उम्मेदवारको नाम, ठेगाना, शैक्षिक योग्यता, अनुभव र नियुक्ति सम्बन्धी अन्य विवरण,

(ख) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न सम्बन्धित निकायको सहमति लिनुपर्ने पदका लागि सम्बन्धित निकायको र अन्य पदका हकमा सेवा सञ्चालन गर्ने प्रदेश मन्त्रालयको सहमति,

(ग) सम्बन्धित सेवा, समूह वा उपसमूह सम्बन्धी प्रचलित कानूनले तोकेको आधार र औचित्यको पुष्टि हुने गरी अख्तियारवालाले सेवा, समूह परिवर्तन गर्नु पर्ने कारण खुलाएको कागजात,

(घ) सेवा, समूह वा उपसमूह परिवर्तन गर्ने बारेको प्रदेश मन्त्रिपरिषदको निर्णय, र

(ङ) पद वा दरबन्दी खारेज भई कर्मचारीको शैक्षिक योग्यता तथा तालिमसँग मिल्दो पदमा सेवा, समूह परिवर्तन गर्न सो विवरण सहित परिवर्तन हुने पदको लागि आवश्यक पर्ने योग्यताका प्रमाणपत्रको प्रतिलिपि ।

(२) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न परामर्श माग भई आएमा आयोगले लिखित तथा अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा आवश्यक पर्ने पदका लागि प्रयोगात्मक परीक्षा समेतबाट त्यस्तो उम्मेदवारको उपयुक्तताको परीक्षण गरी परामर्श दिनु पर्नेछ ।

(३) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न उम्मेदवारको उपयुक्तताको विषयमा लिइने लिखित परीक्षाको पाठ्यक्रम परिवर्तन हुने सम्बन्धित पदको लागि आयोगबाट निर्धारित पाठ्यक्रमको सेवा सम्बन्धी एउटा पत्रमा मात्र परीक्षा सकिनेछ ।

(४) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न उम्मेदवारको उपयुक्तताको विषयमा लिइने लिखित परीक्षाको उत्तीर्णाङ्क पचास प्रतिशत हुनेछ।

(५) उम्मेदवारको उपयुक्तताको विषयमा लिइएको लिखित परीक्षामा उत्तीर्णाङ्क प्राप्त नगरेका उम्मेदवारलाई सेवा, समूह वा उपसमूह परिवर्तन गर्ने सिफारिस गरिने छैन।

५७. **आयोगले परामर्श दिने:** आयोगले यस ऐन बमोजिम परामर्श दिँदा यस परिच्छेदमा उल्लेख भएका प्रक्रियाहरु पूरा भएमा मात्र दिनेछ।

५८. **आयोगको परामर्श कार्यान्वयन:** (१) आयोगले दिएको परामर्श कार्यान्वयन गर्ने गराउने दायित्व परामर्श माग गर्ने अधिकारीको हुनेछ।

(२) कुनै विशेष कारण वा परिस्थिति परी आयोगले दिएको परामर्श कार्यान्वयन गर्न सकिने अवस्था नभएमा त्यसको कारण खोली परामर्श माग गर्ने अधिकारीले पुनर्विचारको लागि आयोग समक्ष लेखी पठाउनु पर्नेछ।

(३)उपदफा (२) बमोजिम पुनर्विचारको लागि लेखी आएमा आयोगलाई आफूले दिएको परामर्श पुनर्विचार गर्नु पर्ने पर्याप्त आधार, कारण र औचित्य रहेको भन्ने लागेमा आयोगले तत्सम्बन्धमा पुनः परामर्श दिन सक्नेछ।

(४) विभागीय सजाय सम्बन्धमा आयोगबाट प्राप्त परामर्श आयोगले तोकेको अवधि भित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिनु पर्नेछ।

५९. **स्थायी नियुक्ति नगरिने:**(१) निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श बिना स्थायी नियुक्ति गरिने छैन।

(२) संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक उपदफा (१) विपरित भएको नियुक्ति स्वतः रद्द हुनेछ।

## परिच्छेद-१०

## बढुवा उपरको उजूरी सम्बन्धी व्यवस्था

६०. **बढुवा उपरको उजूरी** : (१) बढुवा समितिले गरेको बढुवा सिफारिसमा चित्त नबुझ्ने सम्भाव्य उम्मेदवारले सम्बन्धित सेवा शर्त सम्बन्धी कानूनमा तोकिएको म्यादभित्र उजूरकर्ता स्वयं उपस्थित भई आयोगले तोकेको दस्तुर, आफूले बढुवा पाउनु पर्ने स्पष्ट आधार र प्रमाण समेत संलग्न राखी आयोगले निर्धारण गरेको ढाँचामा आयोग वा आयोगले तोकेको बढुवा उजूरी सुन्ने अधिकारी समक्ष उजूरी दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उजूरी गर्न उजूरकर्ता आयोगमा वा उजूरी सुन्ने अधिकारी समक्ष आफैं उपस्थित हुन नसकेमा सोको कारण खुलाई कानूनले वारेस दिन मिल्ने व्यक्तिलाई कानून बमोजिम वारेस मुकरर गरी उजूरी दिन सक्नेछ ।

तर त्यसरी उजूरी दिन ल्याउने वारेसले उजूरीको व्यहोरा र दस्तखत सम्बन्धित उजूरीकर्ताको नै हो भनी आयोग समक्ष सनाखत गरी सहीछाप गर्नु पर्नेछ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम उजूरी गर्न चाहने सम्बन्धित कर्मचारीले आफ्नो उजूरीमा देहायका कुराहरु खुलाएको हुनु पर्नेछः

(क) उजूरकर्ताको नाम, थर, ठेगाना र निज कार्यरत कार्यालय,

(ख) उजूरीको विषय

(ग) कसको विरुद्ध उजूरी गर्न चाहेको हो सोको विवरण,

(घ) कुन मितिको बढुवा सिफारिस वा सूचना विरुद्ध उजूरी गर्न चाहेको हो त्यस्तो सिफारिस वा सूचनाको प्रतिलिपि,

(ङ) उजूरीको दावी र सोसँग सम्बन्धित कानून, नजिर र सिद्धान्तको विवरण,

(च) आफ्नो दावी र सो दावी पुष्ट्याई गर्ने आधार, र

(छ) अन्य प्रासंगिक कुराहरू ।

६१. **थप प्रमाणहरु पेश गर्न सक्ने:** (१) बढुवा उपरको उजूरी दिइसकेपछि त्यस्तो उजूरी उपर निर्णय नहुँदै सम्बन्धित कर्मचारीले सो निर्णयमा सघाउ पुग्ने कुनै थप प्रमाण फेला पारेमा निवेदनसाथ संलग्न गरी बढुवा समिति समक्ष पेश गर्न सक्नेछ ।

(२) बढुवा उजूरी सुनुवाइको सिलसिलामा कुनै थप प्रमाण कागजात आवश्यक छ भन्ने लागेमा आयोग वा उजूरी सुन्ने अधिकारीले उजूरकर्ता वा सम्बन्धित निकायलाई त्यस्तो प्रमाण कागजातहरू उपलब्ध गराउन लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम माग भएका कागजात सम्बन्धित निकाय वा कर्मचारीले पत्र प्राप्त गरेको मितिले सात दिनभित्र पेश गर्नु पर्नेछ ।

६२. **बढुवा उजूरीको निर्णय:** (१) आयोगमा वा उजूरी सुन्ने अधिकारी समक्ष बढुवा उपरको उजूरी पर्न आएमा सम्बन्धित बढुवा समितिको प्रतिक्रिया, बढुवा सिफारिस भएका र उजूरकर्ताको व्यक्तिगत विवरण, कार्यसम्पादन मूल्याङ्कन फारम र अन्य सम्बन्धित आवश्यक कागजात समेत बढुवा समितिको सचिवालयसँग माग गरी आयोगले वा उजूरी सुन्ने अधिकारीले त्यस्तो बढुवा उजूरीको सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(२) बढुवा उजूरी उपर निर्णय गर्दा उजूरीकर्ताले लिएको दावी र सो दावीका सम्वन्धमा प्रस्तुत गरिएका आधार, प्रमाण तथा सो सम्वन्धी कानून समेत खुलाई निर्णय गर्नु पर्नेछ ।

(३) बढुवा उजूरी सम्वन्धी निर्णयको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

६३. **बढुवा उजूरी उपर कारबाही नहुने:** देहाय बमोजिम रित नपुगेको बढुवा उपर कुनै कारबाही गरिने छैनः-

(क) कानूनमा तोकिएको म्यादभित्र दर्ता नभएको,

(ख) उजूरी गर्दा लाग्ने दस्तुर बुझाएको रसिद उजूरीसाथ संलग्न नभएको र

(ग) दफा ६० बमोजिमको रित नपुगेको ।

## परिच्छेद-११

## कसूर र सजाय

६४. **कसूर र सजायः** (१) कसैले देहायको कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो निजलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) कुनै उम्मेदवारले कुनै परीक्षा केन्द्रमा हो हल्ला गरी परीक्षा सञ्चालनमा बाधा अवरोध पुऱ्याएमा वा तोकिएको परीक्षा सम्बन्धी शर्त र मर्यादाको उल्लंघन गरेमा त्यस्तो उम्मेदवारलाई केन्द्राध्यक्षले तत्काल परीक्षा केन्द्रबाट निष्काशन गरी आयोगले निजलाई आयोगद्वारा लिइने परीक्षामा एक वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(ख) कुनै परीक्षा केन्द्रमा कुनै पनि किसिमले चिट चोर्ने वा चोराउने, अर्काको नक्कल गर्ने वा गराउने, विद्युतीय उपकरणको प्रयोग गरी वा अन्य कुनै किसिमले परीक्षामा अनियमित काम गर्ने वा आयोगले तोकेको शर्तको उल्लङ्घन गर्ने उम्मेदवारलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा दुई बर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(ग) कुनै परीक्षार्थीले निजको उत्तरपुस्तिका नबुझाई आफू साथ लिई गएमा वा आयोगले फिर्ता गर्नु पर्ने भनी तोकेका प्रश्नपत्र लिई गएमा वा कसैले त्यस्तो प्रश्नको प्रतिलिपि बनाई वा

विद्युतीय उपकरणबाट सार्वजनिक गरेमा निजलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा तीन वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(घ) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर कसैले प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा आयोगले आयोगद्वारा लिइने परीक्षामा निजलाई पाँच वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(ङ) कसैले आफ्नो सट्टा अर्को व्यक्तिलाई परीक्षा दिन लगाई छनौट भई अन्तरवार्तामा सामेल भएको वा नियुक्ति नै लिई सकेको भए तापनि सो कुरा जुनसुकै बखत जानकारी हुन आएमा त्यस्तो व्यक्तिको सिफारिश वा नियुक्तिपत्र रद्द हुनेछ ।

(च) खण्ड (ङ) बमोजिम अर्काको नामबाट परीक्षा दिने, दिलाउन लगाउने व्यक्तिलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा पाँच वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ ।

(छ) कसैले खण्ड (घ) बमोजिम परीक्षा केन्द्र नियन्त्रणमा लिएमा वा खण्ड (ङ) बमोजिम अर्काको नामबाट परीक्षा दिएमा त्यस्तो कसूर गर्ने र गर्न लगाउने व्यक्तिलाई एकलाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्ति उम्मेदवार भई परीक्षा दिएको भएमा निजको उक्त विज्ञापन बमोजिमको सवै विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर कुनै निजामती, सुरक्षा निकाय, अन्य संघीय सरकारी सेवा वा संगठित संस्थाका कर्मचारीले गरेमा त्यस्तो कर्मचारीलाई थप विभागीय कारबाही गर्न आयोगले सम्बन्धित निकाय वा संगठित संस्थामा लेखी पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम विभागीय कारबाहीको लागि लेखी आएमा अख्तियारवालाले त्यस्तो कर्मचारीलाई तीन महिनाभित्र निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

६५. **नेपाल सरकार वादी हुने:** दफा ६४ को उपदफा (१) को खण्ड (छ) बमोजिमको मुद्दा नेपाल सरकार वादी भएर चल्नेछ ।

## परिच्छेद-१२

## वार्षिक प्रतिवेदन तथा सुझाव

६६. **वार्षिक प्रतिवेदन:** (१) आयोगले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा देहायका कुराहरु समेत उल्लेख गर्नु पर्नेछ:-

(क) उम्मेदवार छनौट गर्न लिएको परीक्षा र परीक्षामा उत्तीर्ण परीक्षार्थी सम्बन्धी,

(ख) विभिन्न निकायलाई दिएको परामर्श र परामर्श बमोजिम काम भए नभएको सम्बन्धी,

(ग) प्रदेश सेवाका कर्मचारीलाई विभागीय कारबाही र सजाय गर्दा दिएको परामर्श र परामर्श बमोजिम काम भए नभएको सम्बन्धी,

(घ) विभिन्न सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको बारेमा दिएको परामर्श सम्बन्धी, र

(ङ) प्रदेश सेवाको सुधार गर्नुपर्ने विषय लगायत आयोगले आवश्यक देखेका अन्य विषय ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेश हुनेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रतिवेदन प्रदेश मामिला समितिमा छलफल हुनेछ ।

६७. **सुझाव दिन सक्ने**: आयोगको काम कारबाहीको सिलसिलामा वा आयोगले गरेको अध्ययन वा अनुसन्धानको आधारमा प्रदेश निजामती सेवा, स्थानीय तह, प्रदेश अन्य सरकारी सेवा, प्रदेश संगठित संस्था र प्रदेश प्रहरी सेवाका कर्मचारीको सेवाको शर्त सम्बन्धी कानूनमा सुधार गर्न आवश्यक देखिएमा आयोगले सम्बन्धित निकायलाई सुझाव दिन सक्नेछ ।

## परिच्छेद-१३

## विविध

६८. **राय परामर्श लिन सक्ने**: (१) आयोगले आफ्नो काम कर्तव्यको सम्बन्धमा प्रदेश सरकारको कुनै मन्त्रालय, कार्यालय वा संगठित संस्थासँग परामर्श गर्न वा राय लिन सक्नेछ ।

(२) आयोगले आफ्नो काम कारबाहीसँग सम्बन्धित कानूनी प्रश्नको सम्बन्धमा मुख्य न्यायाधिवक्ताको राय लिन सक्नेछ ।

६९. **प्रतिरक्षा**: आयोगले आफ्नो तर्फबाट कुनै अड्डा अदालतमा निवेदन दिन वा मुद्दा चलाउन वा त्यसको लागि आवश्यक लिखत तयार गर्न र प्रतिरक्षा गर्न वा आयोग विरूद्ध कसैले कुनै कानूनी कारबाही चलाएमा वा मुद्दा दायर गरेमा लिखित जवाफ वा

प्रत्युत्तर दिन वा प्रतिरक्षा गर्न आयोगले मुख्य न्यायाधिवक्ताको कानूनी परामर्श वा अन्य कानूनी सेवा लिन सक्नेछ ।

७०. **अनुगमन तथा निरीक्षण**: (१) आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, सचिवालय वा कार्यालयले नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा यो ऐन, अन्य कानून तथा आयोगले समय समयमा दिएको निर्देशन पालना गरेको वा नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्नेछ ।

(२) आयोगले उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्ने वा गराउने प्रयोजनको लागि आयोगको कुनै कर्मचारी, प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीलाई खटाउन सक्नेछ ।

७१. **सच्याउन वा बदर गर्न सक्ने**:(१) आयोगले अनुगमन वा निरीक्षण गर्दा वा गराउँदा यो ऐन, अन्य कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र शर्त पूरा नगरी कुनै कर्मचारीलाई नियुक्ति, बढुवा वा विभागीय कारबाही गरेको पाइएमा त्यस्तो नियुक्ति, बढुवा वा विभागीय कारबाही सच्याउने वा बदर गर्ने निर्णय गर्न सक्नेछ ।

(२) आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिमको परीक्षामा उम्मेदवार हुन कुनै व्यक्तिले पेश गरेको कुनै विवरण झुट्टा वा गलत देखिन आएमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त, परीक्षा, अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द गर्नेछ र निजले नियुक्ति पाइसकेको भए सम्बन्धित सेवा शर्त सम्बन्धी कानून बमोजिम आवश्यक कारबाही चलाउन सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

७२. **रद्द गर्न सक्ने**:(१) आयोगले लिएको परीक्षामा प्रश्नपत्र परिमार्जन, प्रश्नपत्र छपाई, उत्तरपुस्तिका परीक्षण वा प्रयोगात्मक परीक्षा सम्बन्धी काममा संलग्न भएको दक्ष, विशेषज्ञ वा कर्मचारीको नातेदार त्यस्तो परीक्षामा उम्मेदवार रहेको भए सो को जानकारी आयोगलाई त्यस्तो काममा संलग्न हुनु अगाडी जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सगोलको नातेदार उम्मेदवार रहेको कुरा जानकारी नगराई त्यस्तो काममा संलग्न भई त्यस्तो उम्मेदवार सो परीक्षामा सफल भएको देखिएमा आयोगले निजको परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द गर्न सक्नेछ र निजले नियुक्ति पाइसकेको भए प्रचलित कानून बमोजिम नियुक्ति बदर गर्न सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नातेदार उम्मेदवार रहेको अवस्थामा प्रश्नपत्र परिमार्जन, प्रश्नपत्र छपाई, उत्तरपुस्तिका परीक्षणसम्बन्धी काममा संलग्न हुने कर्मचारीलाई आयोगले आयोगको कर्मचारी भए विभागीय कारवाही गर्ने र अन्यत्रको भए सम्बन्धित निकायमा विभागीय कारवाहीको लागि लेखी पठाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम जानकारी नगराई त्यस्तो परीक्षा सम्बन्धी काममा संलग्न हुने दक्ष वा विशेषज्ञको हकमा त्यस्तो दक्षलाई आयोगको परीक्षा सम्बन्धी कुनै पनि काममा संलग्न हुन नपाउने गरी दक्ष वा विशेषज्ञको सूचीबाट हटाउन सक्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि आयोगले लिएको अन्तर्वातामा संलग्न भएको दक्ष, विशेषज्ञ वा कर्मचारीको नातेदार त्यस्तो परीक्षामा उम्मेदवार भई सो परीक्षामा सफल भएको प्रमाणित भएमा आयोगले निजको परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द गर्न सक्नेछ र निजले नियुक्ति पाइसकेको भए प्रचलित कानून बमोजिम आवश्यक कारवाही चलाउन सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ ।

७३. **विद्युतीय माध्यमको प्रयोग**: आयोगले रिक्त पदको माग, पदपूर्तिको विज्ञापन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन जस्ता काममा विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ ।

७४. **आयोगलाई सहयोग गर्नु पर्ने**: (१) आयोगको परीक्षा सञ्चालन सम्बन्धी कामको लागि सरकारी निकाय, शिक्षण संस्था वा अन्य

संस्थाले आयोगको माग बमोजिम कर्मचारी, भवन वा कोठा उपलब्ध गराई सहयोग गर्नु पर्नेछ।

(२) आयोगको कार्य सम्पादन गर्नको लागि आयोगको कर्मचारीबाट मात्र सम्भव हुने नदेखिएमा आयोगले खास प्रयोजनका लागि सेवा सञ्चालन गर्ने प्रदेश मन्त्रालयको परामर्शमा अन्य कार्यालयमा कार्यरत कर्मचारीलाई काजमा ल्याई काममा लगाउन सक्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (२) बमोजिम आयोगले कर्मचारी माग गरेमा सम्बन्धित निकायले कर्मचारी पठाई सहयोग गर्नु पर्नेछ।

७५. **विषय विज्ञ वा दक्षको सेवा लिन सक्ने**: (१) आयोगले सम्पादन गर्नु पर्ने कामको लागि सम्बन्धित विषयको विषयविज्ञ, दक्ष वा विशिष्टीकृत निकायको सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा लिने प्रयोजनको लागि विषय विज्ञ, दक्ष वा विशिष्टीकृत निकायको मनोनयन वा छनौट अध्यक्षले गर्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा लिए बापत सम्बन्धित विषय विज्ञ, दक्ष वा विशिष्टीकृत निकायलाई आयोगले निर्धारण गरे बमोजिमको पारिश्रमिक, सुविधा तथा सेवा शुल्क दिइनेछ।

७६. **दस्तुर वा शुल्क**: (१) प्रदेश निजामती सेवामा खुला प्रतियोगिता वा बढुवाद्वारा पदपूर्ति गर्दा लिइने परीक्षाको दस्तुर आयोगले निर्धारण गरेबमोजिम हुनेछ।

(२) यस ऐनमा अन्यत्र उल्लेख गरिए देखि बाहेक आयोगको काम कारबाहीका सम्बन्धमा आयोगले आवश्यक दस्तुर वा शुल्क तोक्न सक्नेछ।

७७. **समन्वय र सहयोग**: (१) आयोगले आफ्नो काम कर्तव्यको सम्बन्धमा अन्य प्रदेशसँग समन्वय वा आपसी सम्बन्ध र सहयोग वृद्धि गर्न सक्नेछ।

(२) आयोगले काम कारवाही सञ्चालनका सिलसिलामा सहयोग लिन चाहेमा प्रदेश सरकार मार्फत लोक सेवा आयोगमा अनुरोध गर्न सक्नेछ ।

७८. **लिखतको गोपनीयता**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि आयोगले सञ्चालन गर्ने परीक्षासँग सम्बन्धित लिखत तथा कागजात गोप्य रहनेछन् र अदालतको आदेश भएकोमा बाहेक त्यस्ता कागजात सार्वजनिक गर्न आयोग बाध्य हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले तोके बमोजिमका परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न वा धुल्याउन सक्नेछ ।

७९. **जानकारी दिनुपर्ने**: (१) आयोगबाट सञ्चालन हुने कुनै पदको विज्ञापनमा आफू वा आफ्नो नातेदार उम्मेदवार भएमा त्यस्ता आयोगका कर्मचारीले आयोगलाई जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएमा आयोगले त्यस्ता कर्मचारीलाई परीक्षासँग सम्बन्धित काममा संलग्न नहुने व्यवस्था गर्नु पर्नेछ ।

८०. **अधिकार प्रत्यायोजन**: (१) आयोगले यस ऐन बमोजिमको आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, सदस्य वा आयोगको कुनै कार्यालय वा आयोगको वा प्रदेश सरकारको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अधिकार प्रत्यायोजन गर्दा त्यस्तो अधिकारको प्रयोग र पालना सम्बन्धी शर्त निर्धारण गर्नु पर्नेछ ।

(३) आयोगले सञ्चालन गर्ने परीक्षा मध्ये खास प्रकारका परीक्षा सञ्चालन गर्न सम्बन्धित संस्था वा निकायलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्दा त्यस्तो संस्था वा निकायले प्रचलित कानूनका अधिनमा रही

आयोग वा लोक सेवा आयोगले अवलम्वन गरेका सिद्धान्त, कार्यविधि र मापदण्डलाई आधार लिनु पर्नेछ ।

(५) यस दफा बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ ।

८१. **उजूरीः** (१) आयोगद्वारा प्रत्यायोजित अधिकार बमोजिम काम गर्ने अधिकारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले सो काम कारबाही भए गरेको मितिले पैंतीस दिनभित्र आधार र कारण खोली आयोग समक्ष उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजूरी पर्न आएमा आयोगले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त निर्णय गर्न सक्नेछ ।

८२. **आयोगका सिद्धान्त र मापदण्ड अवलम्बन गर्नु पर्ने :** प्रदेश सेवाका पदको पदपूर्तिको लागि उम्मेदवारको छनौटलाई भरपर्दो, स्वच्छ, निष्पक्ष र विश्वसनीय वनाउन यस ऐन बमोजिम आयोगलाई प्राप्त अधिकार अन्तर्गतका विषयहरु निर्धारण गर्दा लोक सेवा आयोगले अपनाएको सिद्धान्त, कार्यविधि र मापदण्डलाई अवलम्बन गर्नु पर्नेछ ।

८३. **प्रदेश सरकारसँग सम्पर्क** : आयोगले प्रदेश सरकारसँग सम्पर्क राख्दा कर्मचारी प्रशासन हेर्ने मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

तर आयोगको दैनिक प्रशासकीय कामको लागि सम्बन्धित निकायसँग सिधै सम्पर्क राख्न सक्नेछ ।

८४. **अनुसन्धानात्मक र प्रबर्द्धनात्मक कार्य गर्न सक्नेः** आयोगले प्रदेश निजामती सेवालाई सक्षम र प्रभावकारी बनाउन तथा निजामती सेवा प्रति आकर्षण बढाउन समय समयमा अनुसन्धानात्मक र प्रबर्द्धनात्मक कार्यहरु गर्न सक्नेछ ।

८५. **आयोगको अध्यक्ष र सदस्य माथि महाभियोगः** (१) यो संविधान र कानूनको गंभीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा प्रदेश

सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले आयोगको अध्यक्ष तथा सदस्य विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्नेछन् । त्यस्तो प्रस्ताव प्रदेश सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कुनै व्यक्तिको विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको छानबीन गरी सिफारिस गर्ने प्रयोजनका लागि प्रदेश सभामा एक महाभियोग सिफारिस समिति रहनेछ ।

(३) उपदफा (२) बमोजिम महाभियोगको कारबाही प्रारम्भ भएपछि आयोगको अध्यक्ष तथा सदस्यले त्यस्तो कारबाहीको टुंगो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन ।

(४) उपदफा (१) बमोजिम महाभियोगको आरोप लागेको व्यक्तिलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएका आयोगको अध्यक्ष तथा सदस्यले पदमा रहँदा कुनै कसूर गरेको भए त्यस्तो कसूरमा प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा पर्ने छैन ।

(६) उपदफा (९) बमोजिम महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन ।

(७) महाभियोग सम्बन्धी अन्य व्यवस्था प्रदेश सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

८६. **प्रचलित कानून बमोजिम हुने**: यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

८७. **नियम बनाउने अधिकार**: यो ऐन कार्यान्वयन गर्न आयोगले नियम बनाउन सक्नेछ र त्यस्तो नियम प्रदेश राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

८८. **निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्ने:** (१) आयोगले सम्पादन गर्नु पर्ने काम सुचारू रुपले सञ्चालन गर्न वा गराउनको लागि आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाएको निर्देशिका, कार्यविधि वा मापदण्ड प्रकाशन गरी सार्वजनिक गरेको मितिदेखि लागू हुने गरी गर्नु पर्नेछ ।

८९. **बाधा अड्काउ फुकाउने:** यो ऐन कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यो ऐनको भावनाको प्रतिकूल नहुने गरी प्रदेश सरकारले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

अनुसूची -१

(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

<u>शपथ</u>

म.................. मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश नं. दुईको प्रदेश लोक सेवा आयोगको अध्यक्ष/सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालन गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

दस्तखत :...............

मिति :..............

प्रमाणीकरण मिति-२०७६/०५/०४

आज्ञाले,

कृष्णहरि पुष्कार

प्रदेश सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू २०।-

गो.हु.द.नं. १६।२०६२।६३